भाग ५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सूचना

नेपाल सरकारले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायका क्षेत्रमा देहाय बमोजिमका क्वारेन्टाइन चेकपोष्टहरू स्थापना र सञ्चालन गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) पशु क्वारेन्टाइन कार्यालय काठमाडौं अन्तर्गत रहने चेकपोष्टहरूः

सि.नं.	चेकपोष्ट	निर्धारण गरेका चेकपोष्टको प्रकृति	
		आन्तरिक, अन्तर्राष्ट्रिय वा सीमा	अस्थायी वा स्थायी
१	रसुवागढी	सीमा	अस्थायी
२	नागढुङ्गा	आन्तरिक	अस्थायी

(ख) अवधि तोकिएको अस्थायी चेकपोष्ट सञ्चालन गर्नेः

दशैं लगायतका चाडपर्वमा पशुपन्छीको ओसारपसारका क्रममा क्वारेन्टाइन व्यवस्थापन गर्न अधिकतम तीन महिनाको अवधिका लागि तथा सङ्क्रामक पशु रोग फैलिएको अवस्थामा

सो रोग नियन्त्रण नभएसम्मका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहमति लिई पशु सेवा विभागले अस्थायी पशु क्वारेन्टाइन चेकपोष्ट सञ्चालन गर्नेछ।

आज्ञाले,
प्रकाश माथेमा
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ६७-
गो.हु.द.नं. १६।२०६२।६३